परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सः २०७६।०७७ मिति:२०७७।०१।१०

च. नः १३५९

**विषयः खाद्य सामग्री उपलब्ध गराउन इच्छुक आपूर्तिकर्ताले प्रस्ताव पेस गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषय सम्बन्धमा कोरोना भाइरस (कोभिड १९) को जोखिम रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि लागु हुने गरी हालसम्म देशलाइ लकडाउन गरेको सवैलाइ जानकारी नै छ ।यस सन्दर्भमा लकडाउनका कारणले दैनिक छाक टार्नका लागि खाद्यान्न अभाव हुने परिवारलाई यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।२२ गतेको बैठकको निर्णय बमोजिम पहिलो पटक खाद्यान्न सामग्री वितरण भइसकेको र हाल लकडाउनको अवधि थप गरिएको अवस्थामा नगरपालिकाभित्रका असहाय, विपन्न तथा दैनीक ज्यालादारीमा काम गर्ने श्रमीक वर्गलाइ पर्न गएको खाद्यान्न अभावलाई मध्यनजर गरी नगरपालिकाको द्रुत प्रतिकार्य टोलीको मिति २०७७।०१।१० गतेको वैठकको निर्णयानुसार "असंगठीत क्षेत्रमा कार्यरत श्रमीक वर्ग तथा असहायहरुलाइ उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६" को दफा ५ बमोजिमका राहत सामाग्री सोही मापदण्ड बमोजिम वितरणका लागि सार्वजनिक खरिद ऐनको दफा ६६, सार्वजनिक खरिद नियमावलीको नियम १४५ को विशेष परिस्थितमा खरिद गर्ने सम्बन्धि व्यवस्थाको अधिनमा रहि यस नगरपालिकालाई आवश्यक तपशिल बमोजिमका खाद्य सामग्रीहरु उपलब्ध गराउन ईच्छुक आपुर्तिकर्ताहरुले यो सूचना प्रकासित भएको मितिले ५ दिन भित्र प्रमाणित कागजातहरु parshurammun@gmail.com मा ईमेइल गरी वा प्रस्तावको हार्डकपी तपसिल बमोजिमको शर्तको अधिनमा रही मिति २०७७।०१।१४ गते दिउसो १२ वजे भित्र पुग्ने गरी प्रस्ताव पेश गर्नहुन अनुरोध छ ।

<u>तपशिल</u>

| क्र सं | सामग्रीको नाम | परिमाण | ईकाई | प्रति ईकाई दर रेट | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंक | अक्षर | | |
| १ | चामल मोटो (ग्रेडीङ) | २२००० | कि.ग्रा. | | | | |
| २ | दाल मास/मुसुरो (सफा ग्रेडीङ) | २२०० | कि.ग्रा. | | | | |
| ३ | नून आयोडिन | २२०० | कि.ग्रा. | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | खाने शुद्ध तेल तोरीको | ११०० | लिटर | | | | (आधा लिटरको पाकेट उपलब्ध गराउनुपर्ने) |
| ५ | साबुन लाइफ ब्वाय वा सो सरह (९५ ग्राम) | ७००० | वटा | | | | |
| ६ | चिनि सफा मोटो दानादार | ३२०० | केजी | | | | |
| ६ | प्याकिङ्ग* (प्रति प्याकेज) | १६०० | थान | | | | |
| कुल जम्मा रकम अंकमा | | | | | | | |
| कुलजम्मा रकम अक्षरमा | | | | | | | |

**शर्तहरु**

१.खाद्य आपूर्ति गर्न अनुमती पाएको पसल दर्ता भएको प्रमाणपत्र, घरेलु दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र र आ.व. २०७६।७७ को कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

२.प्रति इकाइ दररेट भर्दा नगरपालिका सम्मको ढुवानी सहित र VAT लाग्ने सामाग्री भएमा VAT सहितको दररेट राख्नुपर्नेछ ।

३. दररेट पेश गर्ने निवेदनको ढाँचा नगरपालिकाको वेवसाइट www.parshurammun.gov.np वा कार्यालयमा उपलब्ध हुनेछ । साथै यस कार्यालयले तोकेको ढाँचाको निवेदनमा माथि उल्लेखित सामाग्रीहरुको दररेट अनिवार्य रुपमा अंक र अक्षरमा लेख्नुपर्नेछ । अन्यथा अंक र अक्षरमा नलेख्ने र कार्यालयले तोकेको ढाँचामा दररेट पेश नगर्ने आपुर्तिकर्तालाई मान्यता दिइनेछैन ।फाराम बाफत रु. १०००। (एक हजार मात्र) नगरपालिकाको नेपाल बैंक लिमिटेड जोगबुडा शाखामा रहेको आन्तरीक खाता नं २४४००१००८१९११८००००००१ मा जम्मा गरेको बैंक भौचर पेस गर्नुपर्नेछ ।

४. नगरपालिका कार्यालय सम्म ढुवानी आपुर्तिकर्ता आफैंले गर्नुपर्नेछ ।

५. उक्त सामाग्रीहरुको दर रेट स्थानीय बजारको दररेट भन्दा बढी भएको प्रस्ताव स्वीकृत गरिनेछैन ।

६. प्रचलित कानुन बमोजिमको कर सम्बन्धीत आपूर्तिकर्ता स्वयंले तिर्नुपर्नेछ ।

७. प्रत्येक सामग्रीको अलग अलग सम्झौता नभइ सबै सामग्रीको कुल कबोल अंक मध्ये न्यूनतम मूल्यांकित आपूर्तिकर्ताको प्रस्ताव स्वीकृत गरी सम्झौता गरिनेछ ।

८. मिति २०७७।०१।१४ गते मध्यान्ह १२ बजे भित्र पुग्ने गरी प्रस्ताव पेश गर्ने समय, सोहि दिनको २

२०७६।०१।१०
प्रमुख प्रशासकीय अधिकृत

बजे आपुर्तिकर्ताहरुको रहोबरमा प्रस्ताव खोली मुल्याङ्कन गर्ने तर आपुर्तिकर्ता उपस्थित हुन नसकेमा कार्यालयले प्रस्ताव खोलि मुल्याङ्कन गर्न बाधा नपर्ने ।

९. मिति २०७६।०१।१५ गते स्वीकृत आपुर्तिकर्ताले सम्झौता गर्न आउनुपर्ने ।

१०. सम्झौता भएको ७ दिन भित्र अर्थात मिति २०७७।०१।२१ गते भित्र खाद्यान्न सामाग्री नगरपालिकाको गोदाम सम्म पुर्याइसक्नुपर्ने ।

११. आपुर्तिकर्ता स्वयंले कार्यालयको आवश्यकता अनुसार प्याकिङ्ग गर्नुपर्ने ।

१२. आपुर्तिकर्ताले आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी प्रस्ताव पेश गर्दा र ५ प्रतिशत प्रस्ताव सदर भै सम्झौता गर्दा नेपाल बैंक लिमिटेड जोगबुडा शाखामा रहेको नगरपालिकाको धरौटी खाता न. ग (३) २४४०३०००००००००३००००००१ मा दाखिला गरेको बैंक भौचर वा बैंक ग्यारेन्टी पेस गर्नुपर्ने ।

१३. सवै सामाग्रीहरु स्वास्थ्यवर्धक गुणस्तरीय हुनुपर्नेछ ।

१४. आपुर्तिकर्ताले प्रस्ताव पेश गरि सम्झौता गर्न नआएमा वा सम्झौता गरि तोकीएको परिमाण, गुणस्तर र समयमा आपुर्ति गर्न नसकेमा धरौटी जफत गरि प्रचलित नियमानुसार कार्वाहि गरिने र समितिले खाद्यान्नका लागि बैकल्पिक व्यवस्था गर्नेछ ।

१५. कार्यालयलाइ आवस्यक परेमा थप २० प्रतिसत सम्म खाद्यान्न सामग्री कवुल गरेको दररेटमा सोही आपूर्तिकर्ताले उपलब्ध गराउनुपर्नेछ ।

१६. यस कार्यालयलाई प्रस्तावहरु स्विकृत गर्ने वा नगर्ने वा खरिद प्रकृया आंशिक वा पुर्णरुपमा कुनै कारण नजनाइ रद्द गर्ने वा संसोधन गर्ने पुर्ण अधिकार सुरक्षित रहनेछ ।

१७. अन्य प्रावधान तथा शर्तहरु प्रचलित कानून बमोजिम सम्झौतामा उल्लेख गरिनेछ ।

*प्याकेज भन्नाले यस परशुराम नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमीक वर्ग तथा असहाहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्डमा उल्लेखित प्रति परिवारलाई दिईने प्याकेज सम्झनु पर्छ ।

२०७६/०१/१०
तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

<u>वोधार्थ:</u>

-सार्वजनिक खरिद अनुगमन कार्यालय ताहातल कार्यालय काठमाडौः जानकारीका लागि।

मितिः ...............................

विषयःदररेट पेश गरिएको बारे ।

श्री परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा , डडेल्धुरा ।

प्रस्तुत विषय सम्बन्धमा तहाँ कार्यालयको मिति मितिः २०७७|०१|१० गते प्रकाशित सुचनामा माग भए बमोजिम  कोरोना भाइरस (कोभिड १९) को जोखिम रोकथाम तथा नियन्त्रण गर्न लागु गरिएको लकडाउनका कारणले दैनिक छाक टार्नका लागि खाद्यान्न अभाव हुने परिवारका लागि आवस्यक पर्ने तपशिल बमोजिमका खाद्य सामग्री उपलब्ध गराउन इच्छुक रहेको र सुचनामा उल्लेखित तथा प्रचलित कानून बमोजिमका शर्तहरुको अधिनमा रही निम्न बमोजिमका सामानहरु निम्न दररेटमा नगरपालिकाको कार्यालय सम्म पुर्याउन प्रस्ताव पेश गर्दछु ।

तपशिल

| क्र सं | सामग्रीको नाम | परिमाण | ईकाई | प्रति ईकाई दर रेट (भ्याट लाग्ने सामाग्रीमा भ्याट सहित) | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंक | अक्षर | | |
| १ | चामल मोटो (ग्रेडीङ) | २२००० | कि.ग्रा. | | | | |
| २ | दाल मास/मुसुरो (सफा ग्रेडीङ) | २२०० | कि.ग्रा. | | | | |
| ३ | नून आयोडिन | २२०० | कि.ग्रा. | | | | १ केजीको पाकेट |
| ४ | खाने तेल शुद्ध तोरीको | ११०० | लिटर | | | | (आधा लिटरको पाकेटमा) |
| ५ | चीनी सफा मोटो दानादार | ३२०० | कि.ग्रा. | | | | |
| ६ | साबुन लाइफ ब्वाय वा सो सरह (९५ ग्राम) | ७००० | वटा | | | | |
| ७ | प्याकिङ्ग * (प्रति | १६०० | थान | | | | |

२०७७|१|१०
प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्याकेज) | | | | | | |
| कुल जम्मा रकम अंकमा | | | | | | | |
| कुल जम्मा रकम अक्षरमा | | | | | | | |

<u>संलग्न कागजातहरु</u>

- खाद्य आपूर्ति अनुमती पाएको ईजाजत पत्रको प्रतिलिपी
- घरेलु दर्ता प्रमाणपत्रको प्रतिलिपी
- पसल दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
- PAN / VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी
- आ. व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- ५ प्रतिशत धरौटी जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टी

<u>निवेदक</u>

फर्मको नामः

फर्म धनिको नामः

हस्ताक्षरः

छापः

सम्पर्क नः

इमेलः

२०७६/१/१०
प्रमुख प्रशासकीय अधिकृत

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालखड्डा, जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
२०७२